G.P.Rajbahak & Co.
Chartered Accountants

An independent member firm of BKR INTERNATIONAL

# काष्ठमण्डप पुन: निर्माणको लागि अभियानका
## सदस्यहरु समक्ष
## लेखापरीक्षकको प्रतिवेदन

हामीले श्री **काष्ठमण्डप पुन: निर्माणको लागि अभियान** को *(यस पछि 'संस्था' भनिएको)* आषाढ ३१, २०७४ *(जुलाई १५, २०१६)* को वासलात, सोहि मितिमा समाप्त भएको आर्थिक वर्षको आम्दानी तथा खर्च खाता र नगद प्रवाह विवरण एवं प्रमुख लेखानीतिहरु तथा लेखासंग सम्बन्धि टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं । वित्तीय विवरणहरू प्रतिको उत्तरदायित्व संस्थाको व्यवस्थापनमा रहेको छ । ती वित्तीय विवरणहरू उपर लेखापरीक्षणको आधारमा आफ्नो मन्तव्य जारी गर्नु हाम्रो उत्तरदायित्व हो ।

नेपाल लेखापरीक्षण मान तथा प्रासंङ्गिक प्रचलनको आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित छ भन्ने कुरामा विश्वस्त हुनका लागि ती लेखापरीक्षण मान तथा प्रासंङ्गिक प्रचलन अनुसार लेखापरीक्षण योजना तयार गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्नुपर्दछ । वित्तीय विवरणमा उल्लेखित रकम र खुलाईएका अन्य विवरणलाई पुष्ट्याई गर्ने प्रमाणको छडके परीक्षण समेत लेखापरीक्षणमा समावेश हुन्छ । संस्थाले अवलम्वन गरेको लेखा सिद्धान्त, व्यवस्थापनले गरेका महत्वपूर्ण अनुमान एवं वित्तीय विवरण प्रस्तुतीको समग्र स्थितिको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ । लेखापरीक्षणले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

उपरोक्तानुसार वित्तीय विवरणहरुको लेखापरीक्षण गरी देहाय बमोजिम प्रतिवेदन प्रस्तुत गरेका छौं:

(१) हामीले लेखापरीक्षणको सिलसिलामा आवश्यक ठानेका सबै सूचना र स्पष्टीकरणहरू पायौं ।

(२) हामीले लेखापरीक्षण गरेको श्रेष्ताहरुको आधारमा हाम्रो रायमा संस्थाको हिसाब किताबहरु प्रचलित कानुन बमोजिम ठीकसंग राखिएका छन् ।

(३) यस प्रतिवेदनसंग सम्वद्ध वासलात, आम्दानी तथा खर्च खाता तथा तत्सम्बन्धी अनुसूचीहरू संस्थाले राखेको हिसाव-किताबसंग दुरूस्त रहेका छन् ।

(४) हामीले प्राप्त गरेको सूचना एवं हामीलाई दिइएको स्पष्टीकरण तथा संस्थाको हिसाव किताबको परीक्षणबाट, संस्थाको कुनै कर्मचारीले कानूनी व्यवस्था विपरित काम गरेको वा संस्थालाई प्रत्यक्ष हानी नोक्सानी गरेको वा हिनामिना गरेका हाम्रो जानकारीमा आएन ।

(६) हामीले पाएसम्मको सूचना एवं हामीलाई दिइएको स्पष्टीकरण तथा संलग्न लेखा नीतिहरू र लेखा सम्बन्धी टिप्पणीलाई साथै अध्ययन गर्दा

(क) वासलातले संस्थाको आषाढ ३१, २०७४ *(जुलाई १५, २०१७)* को आर्थिक अवस्था,

(ख) आम्दानी तथा खर्च खाता ले उक्त मितिमा समाप्त वर्षको संचालन नतिजा, तथा

(ग) नगद प्रवाह विवरणले उक्त मितिमा समाप्त वर्षको नगद प्रवाहको उचित तथा यथार्थ स्थिति चित्रण गर्दछ ।

र यी बिवरणहरु प्रचलित कानुनका अधिनमा रही लागु गर्न सकिने हदसम्म नेपाल लेखामान (Nepal Accounting Standards) तथा लेखाको सर्बमान्य सिद्धान्त तथा प्रचलन अनुसार ठिक संग तयार गरिएका छन् ।

**सि.ए. शिव चन्द्र श्रेष्ठ**
वरिष्ठ साझेदार
*जि.पी. राजवाहक एण्ड कम्पनी*
*चार्टर्ड एकाउण्टेण्टस्*
स्थान : **काठमाडौं**
मिति : **अश्विन ३०, २०७४**

G.P. RAJBAHAK & CO. Chartered Accountants

Narayanchaur, Naxal, Kathmandu, Nepal, t: +977-1- 4415682, 4415823, e: info@gpr.com.np, w: www.gpr.com.np